**लक्ष्मी बैंक लिमिटेडको**

**सत्रौं वार्षिक साधारण सभामा भएको कामकारवाहीको विवरण (माइन्यूट)**

यस लक्ष्मी बैंक लि.का सञ्चालक समितिका अध्यक्ष श्री शम्भु प्रसाद आचार्यज्यूको सभापतित्वमा बैंकको सत्रौं वार्षिक साधारणसभा मिति २०७४/०८/२८ गते (तदनुसार डिसेम्बर १४, २०१७) बिहिबार दिनको २:०० बजे देखि ५:०० बजे सम्म अग्रवाल भवन, कमलपोखरी, काठमाडौंमा सुसम्पन्न भयो । साधारण सभामा उपस्थिति, छलफलका बिषय सूची, सूचना प्रकाशन, गणपूरक संख्या, सभाको बैधानिकता र सभापतित्व, सभा संचालन तथा प्रतिबेदन प्रस्तुति, छलफलमा सहभागिता, छलफलका क्रममा व्यक्त गरिएका मन्तब्य, प्रश्नोत्तर, सभाको निर्णयहरु तथा अन्य काम कारवाहीको विवरण समेतको निर्णय पूस्तिका (माइन्यूट) देहाय बमोजिम छन् :

१. उपस्थितिः

**(क) सञ्चालकहरुको उपस्थितिः**

| | | |
|---|---|---|
| १) | श्री शम्भु प्रसाद आचार्य | अध्यक्ष |
| २) | श्री दिनेश पौड्याल | सञ्चालक |
| ३) | श्री सुशिल कुमार अर्याल | सञ्चालक |
| ४) | श्रीमति स्वाती रुङ्टा | सञ्चालक |
| ५) | श्री विश्व करण जैन | सञ्चालक |

**(ख) अन्य पदाधिकारीहरुको उपस्थितिः**

| | | |
|---|---|---|
| १) | श्री सुदेश खालिङ्ग | प्रमुख कार्यकारी अधिकृत |
| २) | श्री अजय विक्रम शाह | उप प्रमुख कार्यकारी अधिकृत |
| ३) | श्री भुवल राई | प्रमुख सञ्चालन अधिकृत |
| ४) | श्री जिवन प्रकाश लिम्बु | प्रमुख - सूचना प्रविधि अधिकृत |
| ५) | श्री सुमेद भट्टराई | प्रमुख- कर्पोरेट तथा पूर्वाधार बैंकिङ्ग |
| ६) | श्री अमित सिंह कार्की | प्रमुख - मिड मार्केट |
| ७) | श्री दिपेश अमात्य | प्रमुख - रिटेल फाइनान्सियल सर्भिस |
| ८) | श्री राजिव सापकोटा | प्रमुख - संस्थागत बैंकिङ्ग तथा व्यवसाय विकास |
| ९) | श्री सञ्जिव राज जोशी | प्रमुख - सामान्य श्रोत तथा सम्पत्ति व्यवस्थापन |
| १०) | श्री पियुष राज अर्याल | कम्पनी सचिव/प्रमुख जोखिम अधिकृत |
| ११) | श्री अभिष आचार्य | प्रबन्धक - वित्त तथा कोष |
| १२) | श्री मनोहर राज उप्रेती | प्रमुख - आन्तरिक लेखा परिक्षण |
| १३) | श्री समीर शर्मा | कानूनी सल्लाहकार |
| १४) | श्री आशिक आचार्य | प्रतिनिधि - वाह्य लेखापरीक्षक |

**(ग) सम्बन्धीत निकायका प्रतिनिधीहरुको उपस्थितीः**

| | | |
|---|---|---|
| १) | श्री राजु बहादुर जिसी | प्रतिनिधी - श्री नेपाल धितोपत्र वोर्ड |
| २) | श्री तारानाथ भट्टराई | प्रतिनिधी - श्री नागरिक लगानी कोष |
| ३) | श्री राजेन्द्र थापा | प्रतिनिधी - श्री कम्पनी रजिष्ट्रारको कार्यालय |

(घ) **शेयरधनीहरुको उपस्थिति:**

| | | | |
|---|---|---|---|
| १) | उपस्थित शेयरधनीहरुको संख्या: | ७९७ | जना |
| | (क) शेयरधनी स्वयंबाट | ७९२ | जना |
| | (ख) प्रतिनिधि (प्रोक्सी) बाट | ५ | जना |
| २) | शेयरको प्रतिनिधित्व संख्या | ४,४२,४४,९०२ | कित्ता |
| ३) | शेयर संख्याको प्रतिनिधित्व प्रतिशत | ५९.२० | प्रतिशत |

(ङ) यो सभाको मिति सम्ममा कायम रहेका ४६,९८८ जना शेयरधनीहरु सभामा सहभागि हुन र मतदान गर्न योग्य थिए ।

**२. छलफलका बिषयहरु:**

(क) **सामान्य प्रस्ताव**

(१) सत्रौं वार्षिक साधारण सभाको लागि सञ्चालक समितिको प्रतिवेदन छलफल गरी पारित गर्ने ।

(२) लेखापरीक्षकको प्रतिवेदन सहितको २०७४ आषाढ मसान्तको वासलात तथा सोही मितिमा समाप्त आ.व. २०७३/०७४ को नाफा नोक्सान हिसाव तथा नगद प्रवाह विवरण र सम्बन्धित अनुसूचीहरु तथा एकीकृत वित्तीय विवरण छलफल गरी स्विकृत गर्ने ।

(३) बैंकको लेखा परीक्षण समितिको सिफारिश वमोजिम आ.व. २०७४/०७५ को लागि लेखा परीक्षक नियुक्ति गर्ने तथा निजको पारिश्रमिक निर्धारण गर्ने । (वर्तमान लेखापरिक्षक श्री टि.आर. उपाध्या एण्ड कम्पनी पुनः नियुक्तीका लागि योग्य हुनुहुन्छ)

(४) बैंकको सञ्चालक समितिले प्रस्ताव गरे बमोजिम ०.५३ प्रतिशत नगद लाभांश (बोनस शेयरमा लाग्ने कर प्रयोजनका लागि) पारित गर्ने ।

(ख) **विशेष प्रस्ताव**

(१) बैंकको सञ्चालक समितिले प्रस्ताव गरे बमोजिम बैंकको हालको चुक्ता पूँजीको १० प्रतिशत बोनस शेयर जारी गर्ने ।

(२) उल्लिखित बोनस शेयर जारी गर्नका लागि आवश्यक हदसम्म जारी तथा चुक्ता पुँजी वृद्धि गर्ने ।

(३) सञ्चालक समिति तथा अन्य समिति/उपसमितिको बैठकमा उपस्थित भए वापत अध्यक्ष/सञ्चालकले पाउने बैठक भत्ता वृद्धि गर्ने ।

(४) सञ्चालकको पदावधि तथा अन्य व्यवस्थाहरुमा प्रचलित कानुन बमोजिम संशोधन गर्ने ।

(५) बुँदा नं. (१), (२), (३) र (४) सम्बन्धी प्रस्ताव कार्यान्वयनका लागि बैंकको प्रवन्धपत्र तथा नियमावलीमा संशोधन गर्ने सम्बन्धी प्रस्ताव पारित गर्ने र प्रस्तावित संशोधनमा नियमनकारी निकायहरुवाट कुनै फेरवदल वा सुझाव आएमा आवश्यक संसोधन/समायोजन गर्न बैंकको सञ्चालक समिति (वा सञ्चालक समितिले तोकेको कुनै पदाधिकारी) लाई अख्तियारी दिने ।

(६) लक्ष्मी बैंक र अन्य कुनै उपयुक्त बैंक वा वित्तीय संस्था एक आपसमा गाभ्ने/गाभिने (Merger) तथा बैंकले अन्य कुनै संस्थालाई प्राप्ती (Acquisition) गर्ने सम्बन्धमा आवश्यक सम्पूर्ण प्रक्रिया पुरा गर्न संचालक समितिलाई दिइएको अख्तियारी लाई निरन्तरता दिने ।

(७) संस्थागत सामाजिक उत्तरदायित्व अन्तर्गत विभिन्न संस्थाहरुलाई सहयोग स्वरुप अनुदान उपलब्ध गराउने सञ्चालक समितिको निर्णयलाई अनुमोदन गर्ने ।

(ग) **विविध**

३.	**सूचना प्रकाशनः**

सञ्चालक समितिको मिति २०७४ साल कात्तिक २२ गते बुधबार तदनुसार ८ नोभेम्बर २०१७ मा बसेको १९३औं बैठकको निर्णय अनुसार तथा कम्पनी कानूनमा भएको व्यवस्था बमोजिम यस लक्ष्मी बैंकको सत्रौं वार्षिक साधारण सभा मिति २०७४ साल मंसिर महिना २८ गते बिहिबार तदनुसार १४ डिसेम्बर २०१७ मा वस्ने सूचना तथा बैंकको सत्रौं बार्षिक प्रतिबेदन शेयरधनी महानुभावहरुको ठेगानामा पठाइएको थियो र मिति २०७४ कात्तिक २४ गतेको नयाँ पत्रिका, मंसिर ७ गतेको आर्थिक अभियान र मंसिर २७ गतेको अन्नपूर्ण पोस्ट राष्ट्रिय दैनिक पत्रिकामा सो व्यहोराको सूचना प्रकाशित गरिएको थियो साथै बैंकको Website मा पनि सभा सम्बन्धी विवरणहरु राखिएको थियो ।

४.	**गणपुरक संख्याः**

| विवरण | कुल संख्या | स्वयं उपस्थित | प्रतिनिधी मार्फत (प्रोक्सी) | जम्मा उपस्थिति | प्रतिनिधित्व प्रतिशत |
|---|---|---|---|---|---|
| शेयरधनी संख्या | ४६,९८८ | ७९२ | ५ | ७९७ | १.७०% |
| शेयर संख्या | ७,४७,४४,२५७.५१ | ३,४२,१४,७४० | १,००,३०,१६२ | ४,४२,४४,९०२ | ५९.२०% |

५.	**सभाको बैधानिकता तथा सभापतित्वः**

साधारण सभा हुनु अघि कम्पनी सचिवले उपस्थित शेयरधनी महानुभावहरुलाई बैंकको तर्फबाट स्वागत गर्दै कम्पनी ऐन, २०६३ तथा बैंकको नियमावलीको नियम ५ बमोजिम शेयरधनीहरुको उपस्थिति र गणपुरक संख्या पर्याप्त रहेको व्यहोरा सभालाई अवगत गराउनु भयो र सञ्चालक समितिका अध्यक्ष श्री शम्भु प्रसाद आचार्यज्यूलाई वैधानिक प्रकृया पुरा भएकोले सभा संचालन गर्न अनुरोध गर्नुभयो ।

६.	**सभा सञ्चालन तथा प्रतिवेदन प्रस्तुतिः**

बैंकका अध्यक्ष एवं सभाका सभापति श्री शम्भु प्रसाद आचार्यज्यूले उपस्थित सवै शेयरधनी महानुभावहरुलाई स्वागत गर्दै सञ्चालक समितिको तर्फबाट मन्तव्य प्रस्तुत गर्नु भयो ।

तत्पश्चात सभापतिज्यूले सभा समक्ष सञ्चालक समितिको प्रतिवेदन सहितको बैंकको आ.ब. २०७३/२०७४ को लेखापरीक्षकको प्रतिवेदन, वासलात, नाफा-नोक्सान हिसाव तथा नगद प्रवाह विवरण छलफलका लागि प्रस्तुत गर्नु भई सो उपरको छलफलमा भाग लिन तथा बैंकको कारोवार सम्वन्धी विविध पक्षहरुमा आफ्नो सुझाव, विचार, मन्तब्य तथा जिज्ञासाहरु व्यक्त गर्नको लागि शेयरधनी महानुभावहरुलाई अनुरोध गर्नु भयो ।

७.	**छलफलमा सहभागी हुने शेयरधनी महानुभावहरु :**

छलफलका क्रममा निम्न शेयरधनी महानुभावहरुले आ-आफ्नो राय, जिज्ञासा र सुझावहरु प्रस्तुत गर्नु भयो ।

| | | | |
|---|---|---|---|
| १. | श्री अमृत नाथ रेग्मी | ८. | श्री शिव प्रसाद शर्मा |
| २. | श्री व्यास कुमार शर्मा | ९. | श्री जयन्द्रमान सिंह वानियाँ |
| ३. | श्री अशोक उप्रेती | १०. | श्री रोज कुमार श्रेष्ठ |

| | | | | |
|---|---|---|---|---|
| ४. | डा. माधव कुमार श्रेष्ठ | | ११. | श्री चन्द्रनारायण श्रेष्ठ |
| ५. | डा. सुन्दरलाल श्रेष्ठ | | १२. | श्री दिवाकर खड्का |
| ६. | श्री शिवप्रसाद पौडेल | | १३. | श्री इन्द्र कृष्ण श्रेष्ठ |
| ७. | श्री डमरु बल्लभ घिमिरे | | १४. | श्री राम गोपाल महर्जन |

८. **शेयरधनी महानुभाबहरुले प्रस्तुत गर्नु भएको राय, जिज्ञासा, मन्तव्य तथा सुझावहरुको वारेमा अध्यक्षज्यू तथा प्रमुख कार्यकारी अधिकृतज्यूले देहाय वमोजिम जवाफ दिनु भयो ।**

१. बैंकले नेपाल राष्ट्र बैंकले तोकेको समयभित्रै रु ८ अर्ब चुक्ता पूँजी पुऱ्याउन सफल भएकोमा हार्दिक बधाई तथा शुभकामना व्यक्त गर्दछौं ।

- धन्यवाद । यस पूँजी वृद्धि गर्न सहयोग गर्नुभएकोमा सम्पूर्ण शेयरधनीहरुलाई समेत धन्यवाद दिन चाहन्छौं ।

२. बैंकको सम्पूर्ण वित्तीय परिसूचकहरु तथा समग्र वृद्धि सकारात्मक छन् । गत वर्ष रु १ अर्ब भन्दा माथिको खुद मुनाफा आर्जन गर्नु उत्साहजनक छ । साथै कर्जा, निक्षेप, लगानी लगायत सम्पूर्ण वासलातको आकारमै वृद्धि गर्न सफल हुनु पनि सकारात्मक छ । यो वृद्धिलाई आगामी दिनमा पति निरन्तरता दिनुपऱ्यो ।

- सुझावको लागि धन्यबाद ।

३. चुक्ता पूँजीमा भएको वृद्धिका बावजुत १० प्रतिशत लाभांशको प्रस्ताव सकारात्मक छ । यसका लागि धन्यवाद । भविष्यमा पनि अझ बढी लाभांशको आशा गर्दछौं ।

- धन्यवाद । आफ्नो व्यवसायलाई दिगो रुपमा विस्तार गर्दै Organic Growth का साथै Inorganic Growth को माध्यमबाट शेयरधनीहरुलाई उच्चतम प्रतिफल दिनु नै हाम्रो प्रमुख उद्देश्य हो ।

४. बैंकको खुद व्याज आम्दानी (NII) अन्य वाणिज्य बैंकहरुको तुलनामा कम छ । यसलाई सुधार गर्नुपऱ्यो ।

- सुझावको लागि धन्यवाद । NII लगायत Base Rate र Spread Rate मा सुधार ल्याउनका लागि Retail Deposit मा वृद्धि गर्नका लागि हामी आक्रामक रुपमा शाखा विस्तार गरिरहेका छौ र यसलाई आगामी वर्ष पनि निरन्तरता दिने छौं । यसको असर बैंकको समग्र परिसूचकहरुमा देखिने नै छ ।

५. बैंकको आम्दानीमा खर्चको प्रतिशत (Expenses to Income Ratio) अन्य वाणिज्य बैंकहरुको तुलनामा बढी छ । यसलाई नियन्त्रण गर्नुपऱ्यो ।

- सुझावको लागि धन्यवाद । खर्च नियन्त्रण तर्फ थप ध्यान दिनेछौं ।

६. आर्थिक वर्ष समाप्त भएको पाँच महिनाभित्रै साधारण सभा सम्पन्न गर्न सफल हुनु सकारात्मक छ । भविष्यमा पनि समयमै साधारण सभा गर्न बैंक अग्रसर हुनुपऱ्यो ।

- धन्यवाद । आगामी वर्षहरुमा पनि यथाशिघ्र साधारण सभा सञ्चालन गर्न बैंक प्रतिबद्ध छ ।

७. आ.व. २०७३/७४ मा व्याज तिर्नु नपर्ने खाताहरुको जम्मा रकम बढेको देखियो । बैंकको Cost of Fund घटाउन यो सहयोगी हुन्छ । यसलाई अझ बढाउदै लैजानुपऱ्यो ।

- ब्याज तिर्नु नपर्ने तथा कम ब्याज तिर्नुपर्ने (Low Cost Deposit) खाताहरुको बजारमा अत्याधिक माग रहेको तथा सो रकम ल्याउन बैंकहरुबीच उच्चतम प्रतिस्पर्धा हुने हुनाले सो कार्य चुनौतिपूर्ण छ । यद्यपि यस्ता निक्षेपहरुले बैंकको Cost of Fund तथा Spread मा

सकारात्मक असर पर्ने हुनाले सो तर्फ बैंक सजग छ र आगामी दिन हरुमा त्यस्ता निक्षेप बढाउन आवश्यक पहल गरिने नै छ ।

८. गत वर्ष बैंकले आफ्नो शाखा सञ्जालमा उल्लेख्य विस्तार गरेको देखियो । यसलाई निरन्तरता दिनुपर्‍यो ।

- सुझावका लागि धन्यवाद । शाखा सञ्जाल लाई अझ विस्तार गरी धेरै भन्दा धेरै ग्राहकहरुमा वित्तीय पहुँच पुर्‍याउन हामी अग्रसर छौं ।

९. बैंकले कर्मचारीको तालिममा उल्लेख्य रकम खर्च गर्नु सकारात्मक छ । यसलाई निरन्तरता दिई कर्मचारीको क्षमता अभिवृद्धिमा अझ ध्यान दिनुपर्‍यो ।

- सुझावका लागि धन्यवाद । कर्मचारीको तालिम तथा क्षमता अभिवृद्धि सम्बन्धमा हामी सजग छौं । यसलाई भविष्यमा पनि निरन्तरता दिइने नै छ ।

१०. हालै बैकिंग क्षेत्रमा सूचना प्रविधिमा ह्याकिंग लगायत विविध जोखिमहरु देखा पर्न थालेका छन् । यसलाई न्युनिकरण गर्न बैंकले के कस्ता कदम चालेको छ ? सो बारेमा प्रकाश पारिदिनुहुन आग्रह गर्दछौं ।

- सूचना प्रविधि जोखिम नियन्त्रणका लागि हामीले छुट्टै विभाग खडा गरी काम गरिरहेका छौं । यसै वर्ष हामीले आफ्नो सूचना प्रविधि प्रणालीको परिक्षण गर्न अन्तराष्ट्रिय रुपमा ख्यातिप्राप्त KPMG India बाट Information System Audit (IS Audit) गराएको छौं । सोबाट प्राप्त प्रतिवेदन अनुसार बैंकको विद्यमान सूचना प्रविधि प्रणाली सुरक्षित रहेको छ । यद्यपि सूचना प्रविधि गतिशिल हुने हुँदा सोसम्बन्धमा बेलाबखत आइपर्ने जोखिमबाट बैंकलाई सुरक्षित बनाउन प्रणालीमा आवश्यक सुधार गर्दै लैजान बैंक सजग रहेको व्यहोरा अवगत गराउँदछु ।

१२. बैंकले Fraction Share लाई सम्बन्धित शेयरधनीकै खातामा जम्मा हुने गरी आवश्यक व्यवस्था गर्नुपर्‍यो ।

- सुझावका लागि धन्यवाद । यस सम्बन्धमा आवश्यक अध्ययन गर्नेछौं ।

१३. बैंकले न्युनतम चुक्ता पूँजी पुर्‍याइसकेको अवस्थामा फेरी Merger/ Acquisition एजेन्डा राख्न किन आवश्यक पर्‍यो ? कुनै संस्थासँग Merger/ Acquisition गर्न लागेको भए जानकारी पाउँ ।

- न्युनतम चुक्ता पूँजी पुगे पनि प्रतिस्पर्धात्मक वातावरणमा बैंकलाई अझ सुदृढ बनाई लगानीकर्तालाई उचित प्रतिफल दिनका लागि Merger/ Acquisition को सम्भावनालाई समेत जिवितै राख्न उक्त एजेन्डालाई निरन्तरता दिइएको हो । हाल कुनै निश्चित संस्थासँग Merger/ Acquisition गर्ने भन्ने यकिन भएको छैन । यस सम्बन्धमा केही ठोस निश्कर्षमा पुगिएमा साधारण सभामार्फत शेयरधनीहरुलाई जानकारी गराइने नै छ ।

१४. बैंकले कर्जा लगानीको क्षेत्रमा विविधिरण गर्दै Collateral Based Financing को अलावा Project Financing तर्फ पनि ध्यान दिनुपर्‍यो ।

- सुझावका लागि धन्यवाद ।

१५. तिर्न बाँकी लाभांशको बारेमा सम्बन्धित शेयरधनीहरुलाई जानकारी गराउनुपर्‍यो ।

- सुझावको लागि धन्यवाद । यसबारेमा आवश्यक कदम चाल्ने छौं ।

९. **प्रस्ताव माथि छलफल तथा निर्णयहरुः**

(क) **सामान्य प्रस्तावः**

(१) सत्रौं वार्षिक साधारण सभाको लागि सञ्चालक समितिको प्रतिवेदन छलफल गरी पारित गर्ने :

सभाका अध्यक्षज्यूले प्रस्तुत गर्नु भएको सञ्चालक समितिको सत्रौं वार्षिक प्रतिवेदन माथि छलफल गरी सर्वसम्मतिबाट पारित गर्ने निर्णय गरियो ।

(२) लेखापरीक्षकको प्रतिवेदन सहितको २०७४ आषाढ मसान्तको वासलात तथा सोही मितिमा समाप्त आ.व. २०७३/०७४ को नाफा नोक्सान हिसाव तथा नगद प्रवाह विवरण र सम्बन्धित अनुसूचीहरु तथा एकीकृत वित्तीय विवरण छलफल गरी स्विकृत गर्ने :

लेखापरीक्षकको प्रतिवेदन सहितको २०७४ आषाढ मसान्तको वासलात तथा सोही मितिमा समाप्त आ.व. २०७३/०७४ को नाफा नोक्सान हिसाव तथा नगद प्रवाह विवरण र सम्बन्धित अनुसूचीहरु तथा एकीकृत वित्तीय विवरण छलफल गरि पारित गर्ने प्रस्ताव सभामा प्रस्तुत भएकोमा उक्त प्रस्ताव सर्वसम्मतिबाट पारित गर्ने निर्णय गरियो ।

(३) बैंकको लेखा परीक्षण समितिको सिफारिश वमोजिम आ.व. २०७४/०७५ को लागि लेखापरीक्षक नियुक्ति गर्ने तथा निजको पारिश्रमिक निर्धारण गर्ने :

बैंकको लेखापरीक्षण समितिको सिफारिश वमोजिम आ.व. २०७४/०७५ को लागि लेखापरीक्षक नियुक्ति गर्ने तथा निजको पारिश्रमिक निर्धारण गर्ने सम्वन्धी प्रस्ताव उपर छलफल गर्दा बैंकको लेखापरिक्षण समितिबाट श्री टि.आर. उपाध्या एण्ड कम्पनी, चार्टड एकाउन्टेन्ट्सलाई लेखापरिक्षकमा सिफारिस गरिएको व्यहोरा जानकारी गराइयो । सोही बमोजिम आ.व. २०७३/७४ को एकिकृत वित्तीय विवरण, NFRS बमोजिमको वित्तीय विवरण तथा नेपाल राष्ट्र बैंकले तोकेबमोजिमको वित्तीय विवरणको लेखापरीक्षण, लङ्गफर्म अडिट रिपोर्ट, कर लेखापरीक्षण, कम्पनी ऐनको दफा ७८ अनुसारको विवरण प्रमाणीकरण समेत गर्नको लागि लेखापरिक्षकमा श्री टि.आर. उपाध्या एण्ड कम्पनी, चार्टड एकाउन्टेन्ट्सलाई आ.व. २०७३/७४ मै कायम पारिश्रमिक प्रदान हुने गरी नियूक्त गर्ने प्रस्ताव सर्वसम्मतिबाट पारित गर्ने निर्णय गरियो ।

(४) बैंकको सञ्चालक समितिले प्रस्ताव गरे बमोजिम ०.५३ प्रतिशत नगद लाभांश (बोनस शेयरमा लाग्ने कर प्रयोजनका लागि) पारित गर्ने :

बैंकको सञ्चालक समितिले प्रस्ताव गरे बमोजिम रु ३,९३,२८,४८४।०० बराबरको नगद लाभांश (बोनस शेयरमा लाग्ने कर प्रयोजनका लागि) वितरण गर्ने प्रस्ताव सर्वसम्मतिबाट पारित गर्ने निर्णय गरियो ।

(ख) **विशेष प्रस्ताव**

(१) बैंकको सञ्चालक समितिले प्रस्ताव गरे बमोजिम बैंकको हालको चुक्ता पूँजीको १० प्रतिशत बोनस शेयर जारी गर्ने :

बैंकको सञ्चालक समितिले प्रस्ताव गरे बमोजिम बैंकको हालको चुक्ता पूँजीमा रु ७४,७२,४१,२००।०० बराबरको बोनस शेयर जारी गर्ने प्रस्ताव सर्वसम्मतिबाट पारित गर्ने निर्णय गरियो ।

(२) उल्लिखित बोनस शेयर जारी गर्नका लागि आवश्यक हदसम्म जारी तथा चुक्ता पुँजी वृद्धि गर्न स्वीकृती प्रदान गर्ने :

उल्लेखित विशेष प्रस्ताव नं. १ बमोजिम बोनस शेयर निश्काशनको लागि संलग्न तीन महले विवरण बमोजिम जारी तथा चुक्ता पूंजी वृद्धि गर्न स्वीकृती प्रदान गर्ने सर्वसम्मतबाट निर्णय गरियो ।

(३) सञ्चालक समिति तथा अन्य समिति/उपसमितिको बैठकमा उपस्थित भए वापत अध्यक्ष/सञ्चालकले पाउने बैठक भत्ता वृद्धि गर्ने :

सञ्चालक समिति तथा अन्य समिति/उपसमितिको बैठकमा उपस्थित भए वापत अध्यक्ष/सञ्चालकले पाउने बैठक भत्ता संलग्न तीन महले विवरण बमोजिम वृद्धि गर्ने सर्वसम्मतबाट निर्णय गरियो ।

(४) सञ्चालकको पदावधि तथा अन्य व्यवस्थाहरुमा प्रचलित कानुन बमोजिम संशोधन गर्ने :

सञ्चालकको पदावधि तथा अन्य व्यवस्थाहरुमा प्रचलित कानुन को अधिनमा रही संलग्न तीन महले विवरण बमोजिम संशोधन गर्ने निर्णय गरियो ।

(५) बुँदा (१), (२), (३) र (४) बमोजिमको प्रस्ताव कार्यान्वयनका लागि बैंकको प्रवन्धपत्र तथा नियमावलीमा संशोधन गर्ने सम्बन्धी प्रस्ताव पारित गर्ने र प्रस्तावित संशोधनमा नियमनकारी निकायहरुवाट कुनै फेरवदल वा सुझाव आएमा आवश्यक संसोधन/समायोजन गर्न बैंकको सञ्चालक समिति (वा सञ्चालक समितिले तोकेको कुनै पदाधिकारी) लाई अख्तियारी दिने :

बुँदा (१), (२), (३) र (४) बमोजिमको प्रस्ताव कार्यान्वयनका लागि बैंकको प्रवन्धपत्र तथा नियमावलीमा संशोधन गर्ने सम्बन्धी प्रस्ताव पारित गर्ने र प्रस्तावित संशोधनमा नियमनकारी निकायहरुवाट कुनै फेरवदल वा सुझाव आएमा आवश्यक संसोधन/समायोजन गर्न बैंकको सञ्चालक समिति (वा सञ्चालक समितिले तोकेको कुनै पदाधिकारी) लाई अख्तियारी दिने सम्बन्धमा छलफल गर्दा बैंकको प्रबन्धपत्र तथा नियमावलीमा आवश्यक संसोधन गर्न तथा प्रस्तावित संशोधनमा नियमनकारी निकायहरुवाट कुनै फेरवदल वा सुझाव आएमा आवश्यक संसोधन/समायोजन गर्न बैंकको सञ्चालक समिति (वा सञ्चालक समितिले तोकेको कुनै पदाधिकारी) लाई अख्तियारी दिने समेत निर्णय गरियो ।

(६) लक्ष्मी बैंक र अन्य कुनै उपयुक्त बैंक वा वित्तीय संस्था एक आपसमा गाभ्ने/गाभिने (Merger) तथा बैंकले अन्य कुनै संस्थालाई प्राप्ती (Acquisition) गर्ने सम्बन्धमा आवश्यक सम्पूर्ण प्रक्रिया पुरा गर्न संचालक समितिलाई दिइएको अख्तियारी लाई निरन्तरता दिने :

लक्ष्मी बैंक र अन्य कुनै उपयुक्त बैंक वा वित्तीय संस्था एक आपसमा गाभ्ने/गाभिने (Merger) तथा बैंकले अन्य कुनै संस्थालाई प्राप्ती (Acquisition) गर्ने सम्बन्धमा आवश्यक सम्पूर्ण प्रक्रिया पुरा गर्न संचालक समितिलाई दिइएको अख्तियारी लाई निरन्तरता दिने निर्णय सर्वसम्मतीले पारित गरियो ।

(७) संस्थागत सामाजिक उत्तरदायित्व अन्तर्गत विभिन्न संस्थाहरुलाई सहयोग स्वरुप अनुदान उपलब्ध गराउने सञ्चालक समितिको निर्णयलाई अनुमोदन गर्ने:

संस्थागत सामाजिक उत्तरदायित्व अन्तर्गत विभिन्न संस्थाहरुलाई सहयोग स्वरुप रु १ लाख अनुदान उपलब्ध गराइएको सञ्चालक समितिको निर्णयलाई अनुमोदन गरियो ।

(ग) **विविध**

विविध शीर्षक अन्तर्गत कुनै विषयमा छलफल नभएको ।

१०. **धन्यवाद ज्ञापन:**

अध्यक्षज्यूले सभामा उपस्थित शेयरधनी महानुभावहरु, पत्रकारहरु, बैंकका कर्मचारीहरु तथा अन्य संघ संस्थाबाट पाल्नुभएका पदाधिकारीहरुज्यूहरु एवं यो साधारणसभा सफल गराउन सहयोग गर्नु हुने सवैलाई धन्यवाद दिदै सभा विर्सजन भएको घोषणा गर्नुभयो ।

| | |
|---|---|
| पियूष राज अर्याल | शम्भु प्रसाद आचार्य |
| कम्पनी सचिव | सभापति/ सञ्चालक समितिका अध्यक्ष |

मिति: २०७४/०८/२८